अन्ठाउन्नौं बैठक

आज मिति २०७५ साल चैत्र १९ गते मंगलबारका दिन बेलुकी ७:३० बजे यस बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री रमेशकुमार भुजेलज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्ताव माथि छलफल गरी पारित गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| १. श्री रमेशकुमार भुजेल | (गाउँपालिका अध्यक्ष) | |
| २. श्री मिरा भुर्तेल | (गाउँपालिका उपाध्यक्ष) | |
| ३. श्री भीमकुमार नेवार | (वडाध्यक्ष वडा नं. १) | |
| ४. श्री दिलीप श्रेष्ठ | (वडाध्यक्ष वडा नं. २) | |
| ५. श्री कमलप्रसाद उप्रेती | (वडाध्यक्ष वडा नं. ३) | |
| ६. श्री बुद्धिमान लिम्बु | (वडाध्यक्ष वडा नं. ४) | |
| ७. श्री बासुदेव खतिवडा | (वडाध्यक्ष वडा नं. ५) | |
| ८. श्री शम्भुप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ६) | |
| ९. श्री मात्रिकाप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ७) | |
| १०. श्री यमुना चापागाईं | (गा.का.पा. सदस्य) | |
| ११. श्री भगवती शर्मा खतिवडा | (गा.का.पा. सदस्य) | |
| १२. श्री दुर्गादेवी ढुंगेल पोखरेल | (गा.का.पा. सदस्य) | |
| १३. श्री रितादेवी बराल | (गा.का.पा. सदस्य) | |
| १४. श्री रोहित तोलाङ्गी | (गा.का.पा. सदस्य) | |
| १५. श्री गणेश धिमाल | (गा.का.पा. सदस्य) | |
| १६. श्री धनञ्जय कुमार शाह | (प्रमुख प्रशासकीय अधिकृत) | २०७५/१२/१९ |

**आमन्त्रित**

श्री कमल प्रसाद निरौला (प्रा.अ., शिक्षा)

श्री देवेन्द्र दाहाल ना.सु.

श्री कमल प्र. भट्टराई ले.पा.

श्री मिना विष्ट सु.स.वि.नि.

श्री जनक कुमार खनाल ई.अ.

श्री- मनोज कु. कार्की डोली कि.ए.

Scanned by CamScanner

**प्रस्ताव नं. १** **नमूना विद्यालय सिफारिस सम्बन्धमा ।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा शिक्षा तथा मानव श्रोत विकास केन्द्रको मिति २०७५/१२/०५ को सूचना बमोजिम यस बुद्धशान्ति गाउँपालिका अन्तर्गत वडा नं. १ स्थित रहेको श्री बुद्धआदर्श मा.वि. बुधबारेलाई नमूना विद्यालय घोषणा गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २** **थप कक्षा सञ्चालन अनुमति सम्बन्धमा ।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा थप कक्षा सञ्चालनका लागि माग गर्ने तपशिल अनुसारका विद्यालयलाई तपसिल अनुसार थप कक्षा सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | संस्थाको नाम | ठेगाना | अनुमति सिफारिसको प्रकार |
|---|---|---|---|
| १ | एरा एभरग्रिन इ.इ. | बुद्धशान्ति-३ | कक्षा ९ |
| २ | बालमिकी शिक्षा सदन | बुद्धशान्ति-६ | कक्षा ४ |
| ३ | एम्बिसन एकाडेमी | बुद्धशान्ति-२ | कक्षा ९ |
| ४ | कञ्चनजंगा बाल सदन | बुद्धशान्ति-२ | कक्षा ४ |
| ५ | प्राग्ना एजुकेशन फाउण्डेसन | बुद्धशान्ति-३ | कक्षा ५ |
| ६ | त्रिभुवन मा.वि. | बुद्धशान्ति-१ | कक्षा १२ |

**प्रस्ताव नं. ३** **निजी विद्यालयको शूल्क निर्धारण सम्बन्धमा ।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा शैक्षिक सत्र २०७६ का लागि यस गा.पा. अन्तर्गत संचालित निजी विद्यालयहरुको मासिक शुल्क तपसिल बमोजिम कायम गर्ने निर्णय गरियो ।

**तपसिल**

| कक्षा | लिन पाउने अधिक्तम शुल्क |
|---|---|
| Nursery | १५०० |
| L Kg | १६०० |
| U Kg | १७०० |
| १ | १८०० |
| २ | १९०० |
| ३ | २००० |
| ४ | २१०० |
| ५ | २२०० |
| ६ | २३०० |
| ७ | २४०० |
| ८ | २५०० |
| ९ | २६०० |
| १० | २७०० |

Scanned by CamScanner

| | |
|---|---|
| ११ | २८०० |
| १२ | २९०० |

साथै सबै निजी विद्यालयहरुलाई सामाजिक सुरक्षाको प्रावधान र छात्रवृत्ति सम्बन्धि कार्यविधि कार्यान्वयनको अवस्था खुलाई पठाउने निर्णय गरियो।

**प्रस्ताव नं. ४ बुधबारे स्वास्थ्य चौकीलाई स्तरोन्नती गर्ने सम्बन्धमा।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गाउँपालिकामा हाल २ वटा स्वास्थ्य चौकी मात्र रहेको र सो चौकीहरुबाट स्वास्थ्य सेवा प्रवाह गर्न अत्यन्तै कठिनाई भईरहेको सन्दर्भमा एवम् नेपाल सरकारको "एक पालिका एक अस्पताल" निर्माण गर्ने नीति अनुसार बुद्धशान्ति गा.पा. वडा नं. ३ मा अवस्थित स्वास्थ्य चौकी बुधबारे झापालाई आगामी आ.ब. ०७६/७७ भित्रमा स्तरोन्नती गरि २५ शैयाको अस्पतालमा परिणत गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. ५ गाउँपालिका स्तरीय जेष्ठ नागरिक मञ्च गठन गर्ने सम्बन्धमा।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा सबै वडाहरुबाट जेष्ठ नागरिक वडा मञ्च गठन भई आएकोले उक्त वडा मञ्चका संयोजकहरु सदस्य रहेको तपसिल अनुसारको गाउँ स्तरीय जेष्ठ नागरिक मञ्च गठन गर्ने निर्णय गरियो। साथै उक्त मञ्चलाई समावेशी हुने गरी ४ जना सदस्य र संयोजक पछि मनोनयन गर्ने निर्णय गरियो।

**तपसिल**

| | |
|---|---|
| श्री रामप्रसाद रिजाल | वडा नं. १ |
| श्री कृष्णप्रसाद फुयल | वडा नं. २ |
| श्री डम्बर कार्की | वडा नं. ३ |
| श्री खुरहरी निरौला | वडा नं. ४ |
| श्री राधा कृष्ण भट्टराई | वडा नं. ५ |
| श्री केशवराज भट्टराई | वडा नं. ६ |
| श्री कृष्णराज निरौला | वडा नं. ७ |

**प्रस्ताव नं. ६ परीक्षा समिति गठन सम्बन्धमा।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं. १, २, ५, ६ र ७ वडा कार्यालयहरुमा सेवा करारका आधारमा कार्यालय सहयोगी नियुक्ती गर्नु पर्ने भएकाले उक्त कार्यका लागि तपसिल बमोजिमको परीक्षा समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| संयोजकः | श्री कमलप्रसाद निरौला (शाखा अधिकृत शिक्षा) |
| सदस्यः | श्री देवेन्द्र दाहाल (ना.सु. प्रशासन शाखा) |
| आमन्त्रित सदस्यः | विषय विज्ञ |

उक्त वडाहरुमा पदपूर्ति गर्दा समावेशी ढंगले अनुभवी र दक्ष जनशक्ति प्राप्त हुनेगरी लिखित, मौखिक तथा कम्प्युटरको प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने समेत निर्णय गरियो।

Scanned by CamScanner

**प्रस्ताव नं. ७** **टिमाई शिविरको जग्गा सिमाङ्कन सम्बन्धमा।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बुद्धशान्ति गाउँपालिका वडा नं. ४ स्थित साविक टिमाई शिविरको जग्गा यकीन गरि सिमाङ्कन गर्ने कार्यको लागि मिति २०७५/१२/२१ गतेका दिन जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी वल र स्थानीय राजनैतिक दलका प्रतिनिधिहरु समेतका रोहवरमा जग्गा यकीन गरी सिमाङ्कन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८** **रकम थप सम्बन्धमा।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा तपसिलका योजनाहरुमा योजना सञ्चालन गर्दा अपुग हुन आएको रकम आर्थिक प्रशासन तथा योजना शाखा समेतको राय सुझावको आधारमा आ.व. ०७५/७६ को बजेट तथा कार्यक्रमको उपयुक्त शिर्षकबाट रकमान्तर गरी रकम थप गर्ने निर्णय गरियो।

**तपसिल**

क. वडा नं. ६ को कुरुङ खोला कल्भर्टमा अपुग रकम रु १,५०,०००।- (अक्षेरपी एक लाख पचास हजार रुपैया मात्र)

ख. वडा नं. ७ को कल्पना राईको घरबाट मिल चोकसम्म आउने बाटो पक्की नाली सहित ढुंगा सोलिङमा सिमेन्ट ढलान गर्नका निम्ति रु १,००,०००।- (अक्षेरपी एक लाख रुपैया मात्र) थप गर्ने

ग. वडा नं. १ स्थित भोटेटार मार्ग प्रकाश पौडेलको घर अगाडिको कल्भर्ट निमार्णका लागि अपुग रकम रु १,००,०००।- (अक्षेरपी एक लाख रुपैया मात्र) थप गर्ने।

घ. वडा नं. ५ को धिमाल बस्तीमा खारखोला नियन्त्रणको लागि ७,००,०००।- (अक्षेरपी सात लाख रुपैया मात्र) रकम व्यवस्था गर्ने।

**प्रस्ताव नं. ९** **प्रेश विज्ञप्ती जारी गर्ने सम्बन्धमा।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा मिति २०७५/१२/१७ गते आइतबार साँझ अचानक आएको विनाशकारी हुरीबतास र असिनापानीले मध्यतराईका बारा र पर्सा जिल्लामा ३० जना भन्दा बढीको मृत्यु, ५०० भन्दा बढी घाईते र करोडौको धनजनको क्षति भएको घटना प्रति दुःख व्यक्त गर्दै उद्धार तथा राहतका लागि सबै सम्बद्ध पक्षहरुलाई अनुरोध गर्ने गरी प्रेस विज्ञप्ति गा.पा.को आधिकारिक website र सामाजिक सञ्जालहरुमा Upload निर्णय गरियो ।

**प्रस्ताव नं. १०** **बोलपत्र आव्हान गर्ने सम्बन्धमा।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गाउँपालिका स्थित तपसिलका योजनाहरु प्रकृया पुरा गरी संचालनका लागि बोलपत्र आव्हान गर्ने निर्णय गरियो।

**तपसिल**

क. दामा खोला पुल निर्माण

ख. धारागोला भ्यूटावर निर्माण

Scanned by CamScanner

**प्रस्ताव नं. १०** विविध।

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने निर्णय गरियो।

**तपसिल**

क. बुद्धशान्ति ३ स्थित श्री शिशु सुधार आधारभूत विद्यालयलाई अंग्रेजी माध्यमसहित गुणस्तरीय शिक्षा प्रदान गरेको र कक्षा कोठाको अभाव भएको हुँदा २ कोठे विद्यालय भवन उपलब्ध गराउने निर्णय गरियो।

ख. प्राग्ना एजुकेशन फाउण्डेसनले विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम विद्यालयलाई दमक न.पा. वडा नं. १ मा स्थानान्तरण गर्न सहमति माग गरेको हुँदा उक्त विद्यालयलाई स्थानान्तरणका लागि सहमति दिने निर्णय गरियो।

ग. अर्जुनधारा न.पा. २ स्थित रहेको ब्लु हेवन इ.इ.लाई बुद्धशान्ति ३ मा स्थानतरणका लागि सहमति दिने निर्णय गरियो।

घ. बुद्धशान्ति-१ बस्ने मानबहादुर गुरुङलाई हावाहुरीका कारण घर भत्काई बस्न नसक्ने भएकाले घर मर्मतका लागि ८ फुटे २४ थान टिन र ८ फुटे ७ थान मंगरा उपलब्ध गराउने निर्णय गरियो।

ङ. बुद्धशान्ति ४ बस्ने दिक्षा श्रेष्ठको माग निवेदन अनुसार निजकी छोरी सुहाना राईको मुटु सम्बन्धि रोगको उपचारका लागि रु १५,०००।- (अक्षेरेपी पन्ध्र हजार रुपैया मात्र)आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

च. बुद्धशान्ति ३ बस्ने बुधारु धिमालको माग अनुसार छोरा किरण धिमालको मृगौलाको उपचारको लागि रु १०,०००।- (अक्षेरेपी दश हजार रुपैया मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

छ. पूर्व जनमुक्ति सेना नेपालको माग बमोजिम घाइते जनमुक्ति सेनाको उपचारका लागि रु २०,०००।- (अक्षेरेपी वीस हजार रुपैया मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

ज. जगतगुरु मार्ग वडा नं. ३ मा बाटो मर्मत गर्दा खर्च भएको रकम रु ३०,०००।- (अक्षेरेपी तीस हजार रुपैया मात्र) भुक्तानी दिने निर्णय गरियो।

झ. मिति २०७५/१२/२३ देखि २०७६/०१/२४ सम्म दोस्रो पिण्डेश्वर अर्ध महाकुम्भ मेला आयोजना हुने हुँदा यस बुद्धशान्ति-३ स्थित बुधबारे चोकमा बुद्धशान्ति गा.पा.को तर्फबाट स्वागतद्वार निर्माण गर्ने निर्णय गरियो।

ञ. यस बुद्धशान्ति गाउँपालिकाको पहिचान, गतिविधि तथा कार्यक्रम झल्किने गरी वि.सं. २०७६ को नयाँ वर्षको बार्षिक क्यालेन्डर ३००० थान प्रकाशन गर्ने निर्णय गरियो।

ट. यस बुद्धशान्ति गाउँपालिका अन्तर्गत ७ वटै वडाहरु र गाउँ कार्यपालिकाको कार्यालयमा समेत रहने गरी १२ जना स्थानीय, न्यूनतम +2 शैक्षिक योग्यता प्राप्त गरी कम्प्युटर सम्बन्धि आधारभुत तालिम प्राप्त गरेका युवाहरुलाई मासिक खाजा खर्च रु ६,०००।- (अक्षेरेपी छ हजार रुपैया मात्र) दिई ०७६ असार मसान्तसम्मका लागि खुल्ला मेरिटको आधारमा प्रतिष्पर्धाबाट स्वयंसेवकको रुपमा काम काज गराउने निर्णय गरियो।

अन्य प्रस्ताव नभएकाले अध्यक्षज्यूबाट धन्यवाद सहित बैठक समापन गरियो।

Scanned by CamScanner

सन्ताउन्नौं बैठक

आज मिति २०७५ साल चैत्र ११ गते सोमबारका दिन बेलुकी ५:00 बजे यस बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री रमेशकुमार भुजेलज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्ताव माथि छलफल गरी पारित गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री रमेशकुमार भुजेल | (गाउँपालिका अध्यक्ष) |
| २. | श्री मिरा भुर्तेल | (गाउँपालिका उपाध्यक्ष) |
| ३. | श्री भीमकुमार नेवार | (वडाध्यक्ष वडा नं. १) |
| ४. | श्री दिलीप श्रेष्ठ | (वडाध्यक्ष वडा नं. २) |
| ५. | श्री कमलप्रसाद उप्रेती | (वडाध्यक्ष वडा नं. ३) |
| ६. | श्री बुद्धिमान लिम्बु | (वडाध्यक्ष वडा नं. ४) |
| ७. | श्री बासुदेव खतिवडा | (वडाध्यक्ष वडा नं. ५) |
| ८. | श्री शम्भुप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ६) |
| ९. | श्री मात्रिकाप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ७) |
| १०. | श्री यमुना चापागाईं | (गा.का.पा. सदस्य) |
| ११. | श्री भगवती शर्मा खतिवडा | (गा.का.पा. सदस्य) |
| १२. | श्री दुर्गादेवी ढुंगेल पोखरेल | (गा.का.पा. सदस्य) |
| १३. | श्री रितादेवी बराल | (गा.का.पा. सदस्य) |
| १४. | श्री रोहित तोलाङ्गी | (गा.का.पा. सदस्य) |
| १५. | श्री गणेश धिमाल | (गा.का.पा. सदस्य) |
| १६. | श्री धनञ्जय कुमार शाह | (प्रमुख प्रशासकीय अधिकृत) |

**आमन्त्रित**

श्री अनिल घिमिरे लै.अ.

श्री देवेन्द्र दाहाल ना.सु.

श्री कमल भट्टराई लै.फा.

श्री मिना बिष्ट ई.प्र.वि.नि.

Scanned by CamScanner

बुँदा ३ प्रमाणित गरी ...
[signature] २०७५।१२।१२

**प्रस्ताव नं १.स्वागत गर्ने सम्वन्धमा**

निर्णय :- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशाान्ति गाउँपालिका कार्यालयमा सरुवा भई आउनु भएका प्रमुख प्रशासकिय अधिकृत श्री धनञ्जय कुमार शाहलाई स्वागत गर्दै वहाँको कार्यकालको पूर्ण सफलताको कामना र सहयोग र समन्वय गर्ने प्रतिबद्धता जनाईयो ।

**प्रस्ताव नं २ खानेपानी मुहान व्यवस्थापन सम्वन्धमा**

निर्णय : प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बुधबारे साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिको च.नं ५१, मिति २०७५।१२।११ को पत्रबाट माग भई आएअनुसार पानीको श्रोत भासिदै गई पानीको पर्याप्त उपलब्धता नहुने अवस्था आएकोले बिरिङ खोलामा निर्माणाधिन एकीकृत नहरको मुहान बाट नहरमा प्रतिकुल असर नपर्ने गरी भूमिगत पानी व्यवस्थित रुपमा ल्याई पानीको श्रोत व्यवस्थापन गर्न नेपालको संविधानको भाग -५ धारा ५७ .(४) बमोजिम अनुसुची -८ को बुंदा नं १९ नं अनुसार स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने हुँदा बुधबारे साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता सस्था बुद्धशान्ति -१ झापालाई स्वीकृति दिने निर्णय गरियो ।

[signature] २०७५।१२।१२

Scanned by CamScanner